आर्थिक बर्ष : २०७९/८०
बैठक संख्या : १२

आज मिति २०७९/१२/०७ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना योजना शाखा प्रमुख

मिति :२०७९/१२/०७

निर्णय नं. १

विरुवा गाउँपालिका कार्यालयको आयोजनामा मिति २०७९/१२/२-४ गतेसम्म वलेउ खेलमैदानमा संचालित छैटौं अन्तरपालिका स्तरिय खेलकुद प्रतियोगिताको समग्र पक्षको समिक्षा गर्दा उक्त कार्यक्रम सफल रुपमा संचालन भएको पाईयो। साथै आगामी बर्ष संचालन गरिने कार्यक्रमलाई थप व्यवस्थित र सफल पार्नका लागि यो कार्यक्रमबाट नयाँ अनुभव प्राप्त भयो साथै उक्त कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै पक्षलाई धन्यबाद ज्ञापन गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. २

विरुवा गाउँपालिकाको रणनीतिक सडकको रुपमा रहेको खाली विरुवा सडकको पानी मिल नजिकैको खण्डमा सम्बन्धित जग्गाधनीबाट तारबार लगाई गरिएको अवरोध हटाउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

विरुवा गाउँपालिकाको आ.ब.२०७९/८० को बार्षिक योजनामा समावेश भएका र हालसम्म सम्झौता नभएका योजनाहरुको २०७९ चैत्र मसान्तसम्म सम्झौता गरिसक्ने तथा सम्झौता भएर पनि समयमै काम सम्पन्न हुन नसकेका योजनाहरुको नियमानुसार म्याद थप प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ४

नेपाल सरकारको आ.व. २०७९/८० को संघिय शशर्त योजनामा समावेश रु ७५ लाख विनियोजित ज्याग्दीखोला साहित्यिक प्रतिष्ठान भवन निर्माण योजनाको कार्यान्वयन गर्न ज्याग्दीखोला साहित्यिक प्रतिष्ठानलाई नै जिम्मा दिने र सोही संस्थासंग नियमानुसार योजना सम्झौता गरी कार्यान्वयन प्रक्रिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ५

किचानास विरुवा कास्की सम्पर्क समाजको आयोजना तथा विरुवा गाउँपालिकाको समन्वयमा विरुवा गाउँपालिका वडा नं १ स्थित नबज्योती मा.बि. मा मिति २०७९/११/१८ गते संचालन भएको स्वास्थ्य शिविर व्यवस्थापनमा भएको एकमुष्ठ खर्च रु १,०७,५७०/- कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।

CS CamScanner

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालयका लागि आवश्यक तपसिल कार्यविधिहरु सर्वसहमतिले स्वीकृत गरियो।

तपसिल :

- विरुवा प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि, २०७९
- विरुवा गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

निर्णय नं. ७

जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ मा विरुवा गाउँपालिकाको तर्फबाट सहभागी खेलाडीको खर्च व्यवस्थापनमा भएको एकमुष्ठ खर्च रु ७४,०५०/- कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ८

आ.व. २०८०/८१ को लागि तपसिल बमोजिमका योजनाहरु संघ सरकारसंग माग गर्ने सर्बसहमतिले निर्णय गरियो।

तपसिल :

संघ सरकार

- राङखोला विरुवा सडक
- ज्यारदीखोला करिडोर
- भन्ज्याङ्ग बाहुँ विरुवा सडक
- खाली विरुवा बेलघारी मेथाभुरुङ सपाउदे एलादी रत्ने सडक
- राउसेघाट मोटरवेल पूल

निर्णय नं. ९

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत स्याङ्जा जिल्लाको वालिङ खेलमैदानमा संचालन भएको महिला राष्ट्रिय फुटवल प्रतियोगिताको लागि जिल्ला समन्वय समितिमा मिति २०७९/०६/०४ गते बसेको जि.स.स. पदाधिकारी र स्थानिय तहका प्रमुखको संयुक्त बैठकको निर्णय बमोजिम विरुवा गाउँपालिका बाट भुक्तानी गर्नुपर्ने रु २ लाख रकममध्ये भुक्तानी हुन बाँकी रु १०००००/- ( अक्षेरुपी एक लाख

CamScanner

रुपैया मात्र) जिल्ला खेलकुद बिकास समितिलाई कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. १०**

बालकन्या युवा क्लबको आयोजनामा मिति २०७९/११/१८ देखी २०७९/११/२४ सम्म विरुवा वजारमा संचालित विरुवा वजार मेला २०७९ लाई विरुवा गाउँपालिकाको तर्फबाट रु ५० हजार आर्थिक सहयोग कार्यक्रम खर्च शिर्षकबाट प्रदान गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. ११**

विरुवा गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम एम्बुलेन्स संचालक समितिको पुनर्गठन गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. १२**

विरुवा गाउँपालिका वडा नं ७ निवासी श्री सुनिल गुरुङ लाई विरुवा गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ बमोजिम रु ३०,०००/- आर्थिक सहायता अन्य सामाजिक सहायता खर्च शिर्षकबाट प्रदान गर्ने सर्बसहमतिले निर्णय गरियो।

**निर्णय नं. १३**

विरुवा गाउँपालिका भित्रका विभिन्न वडाहरुमा अविरल बर्षा र पहिरोको कारण अबरुद्ध भई प्राविधिक लगत ईस्टीमेट र मूल्याङ्कनका आधारमा तपसिल मोटरबाटोहरु सरसफाईको क्रममा भएको निम्नानुसारको रकम आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने सर्बसहमतिले निर्णय गरियो।

तपसिल :

- ढल्के भिरचरा सडक सरसफाई, विरुवा ६- रु २४७५०/-
- नमुना वस्ती जाने सडक सरसफाई, विरुवा १- रु १५१२५/-
- मिलनटोल किचनास सडक मर्मत, विरुवा १- रु १५१२५/-
- वेसारडाँडा अर्चले सडक सरसफाई, विरुवा २- रु २४७५०/-
- वास्तराखोला राउसेघाट सडक मर्मत,- रु १७३२५/-

CamScanner

निर्णय नं. १४

विरुवा गाउँपालिकाको वडा नं ४ को वडास्तरीय योजनामा समावेश ज्यामिरेडाँडा खानेपानी टंकी निर्माण योजनामा रु ५० हजार विनियोजन भएकोमा उक्त बजेटले खानेपानी टंकी निर्माणको काम सम्पन्न हुन नसकेकोले गाउँपालिकास्तरीय फुटकर योजना खर्च शिर्षकबाट रु २० हजार विनियोजन गरी उक्त काम सम्पन्न गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. १५

विरुवा गाउँपालिका केन्द्र र ३ नं. वडा कार्यालय जोड्ने खाली विरुवा सडकका लागि विनियोजित रकम रु ३० लाख बाट टेन्डर प्रक्रियामा जाँदा बचेको रु ३ लाख रकम बाट उक्त सडकखण्डको टेन्डरबाट काम भएको बाहेक अन्य क्षेत्रमा काम गर्ने गरी प्रक्रिया अगाडी बढाउन स्वीकृती दिने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. १६

विरुवा गाउँपालिका वडा नं ८ का वडा सदस्य तथा समाजसेवी श्री मन बहादुर गुरुङ्गको मिति २०७९/१२/०५ गते र विरुवा गाउँपालिका वडा नं ६ निवासी लोक गायक राजेन्द्र लम्साल क्षेत्रीको मिति २०७९/११/२८ गते अल्पायुमै भएको असामयिक निधन प्रति गाउँकार्यपालिकाको तर्फबाट दुःख प्रकट गर्दै श्रद्धान्जली अर्पण गरियो साथै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै गाउकार्यपालिकाको तर्फबाट शोक प्रस्ताव पारित गरियो।

CamScanner